# भाग ३

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

**विद्युतीय कारोबार (पहिलो संशोधन) नियमावली, २०८१**

विद्युतीय कारोबार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ७८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम ''विद्युतीय कारोबार (पहिलो संशोधन) नियमावली, २०८१'' रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **विद्युतीय कारोबार नियमावली, २०६४ को नियम १४ मा संशोधनः** विद्युतीय कारोबार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १४ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन्:-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३६क. को उपनियम (१) बमोजिम नेपाल सरकारले तोकेको कुनै सरकारी निकायलाई नियन्त्रकले प्रमाणीकरण गर्ने निकायको रुपमा काम गर्न अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र प्रदान गर्दा कुनै दस्तुर लाग्ने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ को उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर नियम १४ को उपनियम (४) बमोजिमको सरकारी निकायको इजाजतपत्र नवीकरणको लागि बैङ्क ग्यारेण्टी र नवीकरण दस्तुर आवश्यक पर्ने छैन।"

४. **मूल नियमावलीको नियम ३६ मा संशोधनः** मूल नियमावलीको नियम ३६ को उपनियम (३) मा रहेका "उपनियम (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (२) वा नियम ३६क. को उपनियम (१) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल नियमावलीमा नियम ३६क. थपः** मूल नियमावलीको नियम ३६ पछि देहायको नियम ३६क. थपिएको छः-

"**३६क. सरकारी निकायलाई प्रमाणीकरण गर्ने निकाय तोक्ने**: (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४१ को प्रयोजनको लागि ऐन र यस नियमावली बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा गरेको कुनै सरकारी निकायलाई नेपाल सरकारले प्रमाणीकरण गर्ने निकायको रुपमा तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको सरकारी निकायले ऐन तथा यस नियमावली बमोजिम प्रमाणीकरण गर्ने निकायले प्रयोग गर्ने अधिकारको प्रयोग र दायित्वको पालना गर्नेछ।"

६. **मूल नियमावलीको अनुसूचीमा संशोधन**: मूल नियमावलीको अनुसूची-३ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-३

(नियम १४ को उपनियम (१) र (४) सँग सम्बन्धित)

<u>इजाजतपत्र</u>

इजाजतपत्र नं. :- जारी मिति :-

निम्न लेखिएको विवरण भएको श्री .................. (इजाजतपत्र पाउने सरकारी निकाय, व्यक्ति, फर्म वा कम्पनीको नाम) लाई मिति ........................ देखि मिति ..................... सम्मको लागि विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३, विद्युतीय कारोबार नियमावली, २०६४ तथा देहायका शर्तहरू पालना गर्ने गरी प्रमाणीकरण गर्ने निकायको रूपमा काम गर्नको लागि यो इजाजतपत्र प्रदान गरिएको छ।

<u>विवरण</u>

इजाजतपत्र पाउने (सरकारी निकाय, व्यक्ति, फर्म वा कम्पनी) को नामः-

ठेगानाः-

प्रमाणीकरणको सेवा उपलब्ध गराउने स्थानः-

नियन्त्रकको,-

कार्यालयको छाप

सहीः-

नामः-

मितिः-

<u>प्रमाणीकरण गर्ने निकायले पालना गर्नु पर्ने शर्तहरूः-</u>

(क)

(ख)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग)

(घ)

(ङ)

नवीकरणको विवरण

| नवीकरण गरेको मिति | नवीकरण समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहीछाप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**आज्ञाले,**

**राधिका अर्याल**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।